# नेपाल गजेट

## भाग ४

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, ज्येष्ठ १० गते २०१७ साल**


### निर्वाचन आयोगको सूचना

तौलिहवा निर्वाचन ट्राइबुनल (मुकाम बुटौल अपील) बाट प्राप्त हुन आएको निर्वाचन नं ६१ को निर्वाचन सम्बन्धी मुद्दामा निम्न लिखित फैसलाको नक्कल, जनप्रतिनिधित्व ऐन, २०१५ को दफा ५२ अनुसार सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

तौलिहवा ट्राईबुनल (मुकाम बुटवल अपील) बाट गरेको खारेजी फैसला

| | |
|---|---|
| अध्यक्ष सु. ढुण्डिनाथ उपाध्याय बु. अ. | १ |
| सदस्य ना. सु. लोकराज जशि ब. अ. | १ |
| सदस्य ना. सु. दद्रीप्रसाद आचार्य ढुवा अ. | १ |

**बादी**

तप्पा धनौरा मौजे बिढुवा बस्ने
चन्द्रभूषण पाण्डेय

**विपक्षी**

जि. बुटवल तप्पा शिवराज मौजे बहादुरगञ्ज बस्ने शिवप्रताप शाह



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## मुद्दा चुनाव रद्द गरी पाउँ भन्ने.

यसमा निर्वाचन क्षेत्र नं. ६१ खजहनी शिवराज पश्चिमको निर्वाचन सम्बन्धमा पर्न आएको चन्द्रभूषण पाण्डेको उजूरीपत्रको कारवाइ निर्णय गर्न जनप्रतिनिधित्व ऐन नियम मुताविक गठन भएको यो ट्राइबुनलमा निर्वाचन आयोगले पठाएको मिसिलबाट कारवाई भएको प्रस्तुत मुद्दा हेरिएमा ०१५ साल फाल्गुण ७ गते मा क्षेत्र नं ६१ खजहनी पश्चिम शिवराज निर्वाचन क्षेत्रको निर्वाचनमा विपक्षीबाट भ्रष्टाचार र गैरकानूनी तरीकाहरू अपनाई तथा मनमाना धाँधलीसमेत हुन गई जनप्रतिनिधित्व ऐन २०१५ को विरूद्ध काम हुन गएको र ०१५।११।१२ मा परिणाम घोषणा हुनु अगावै सोही क्षेत्रका उम्मेदवार टेंकबहादुर पन्थीले तपाई छेउ र अर्को उम्मेदवार बलभद्रनाथ पाठकले रिटर्निङ्ग अफिसर श्रीबडाहाकिम शिवराज तौलिहवा गोस्वारामा समेत उजुरी पेश गरेको बुझिएको छ। हाल जनप्रतिनिधित्व ऐन २०१५ जनप्रतिनिधित्व नियमावली २०१५ को दफा ९० को आधारमा परिणाम घोषणा भएको ६० दिन भित्रमा हाललाई भएको केही सबूतसहितको यो उजुरी पेश गरेको छु र अरू सबूद प्रमाण पछि पेश गर्नेछु, जो बुझ्नु पर्ने सबूद बुझी गैरकानूनी तरीकाबाट भएको मतदान रद्द गरी, पुनः निर्वाचन हवस भन्ने उजुर वजूरसाथ दाखिल गर्नुपर्ने ने. रू. ५००। को ने. रा. बैंकमा दाखिल गरेको रसिद र कागजपत्र थान २५ पेश गरेको छु भन्नेसमेत उजुरी वयान रहेछ।

जनप्रतिनिधित्व नियमावली २०१५ को दफा १०१ को रीत नपुगेको हुंदा खारेज हुनुपर्ने गैरकानूनी काम गरेको होइन भन्नेसमेत विपक्षी शिवप्रताप शाहको प्रतिवादी परेको प्रस्तुत मुद्दामा उजुरवाला चन्द्रभूषण पाण्डे विपक्षी शिवप्रताप शाहको वा. रामललित पाण्डेलाई समेत राखी दुवैथरीको वहससमेत सुनी बुझ्दा जनप्रतिनिधित्व नियमावली २०१५ को दफा १०१ मा यस प्रकार उल्लेख भएको रहेछ, "उजुरवालाले उजुरीपत्र पेश गर्दा नेपाल राष्ट्रबैंक अथवा अन्य कुनै सरकारी कोषमा ५०० रूपैयाँ धरौट दाखिल गरी त्यसको रसिद उजुरीपत्र साथ पेशगर्नुपर्छ" सोही नियमावलीको दफा ९२ मा यस प्रकारको उल्लेख भएको रहेछ, "ऐनको दफा ३१ र दफा ३२ र नियम १०१ मा लेखिएको रीत नपुर्‍याई निर्वाचन आयोगमा पेश गरेको उजुरीपत्र उपर कुनै कारवाई हुने छैन" भन्ने स्पष्ट किटानी साथ कानूनमा उल्लेख भइरहेको उक्त कानूनको म्यादभित्र कानूनको रीत पुर्‍याई उजुर परे नपरेको के रहेछ भनी हेरिएमा, दफा ९० को उपदफा २ मा, "निर्वाचितको परिणाम घोषणा भई सकेपछि घोषणा भएको मितिले ६० दिनभित्र उजुरीपत्र पेश गर्नुपर्छ" भन्ने उल्लेख भएकोबाट परिणाम घोषणा कुन साल महीना मितिमा भएको रहेछ भनी शि. तौ. गोस्वारा बुझ्दा सो निर्वाचन क्षेत्रको परिणाम २०१५।११।१५ गते भएको भन्ने जवाफ दिएको उजुरवाला श्रीचन्द्रभूषणपाण्डेको उजुरी १६।१।१३।१

आधिकारिकता ११४ मुद्रा विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मा दर्ता भएको निर्वाचन आयोगको टांचाबाट देखिएको र सो उजुरीमा धरौट ५००।को रसिदसमेत यसैसाथ पेश गरेको छु भन्ने उल्लेख भएकोबाट निज उजुरवालाले पेश गरेको रसिद हेर्दा ०१६।१।२५ को देखिएको उजुरी साथै रसिद पेश गरेको भन्ने कुरा मिल्न नआई उजुरीमा रसिद दाखिल गरेको छु भन्ने बोलीसम्म पारी धरौट म्याद नाघेपछिदाखिल भएको पेश भएका रसिदमा लेखिएको मितिबाट देखिनाले उजुरीसाथ रसिदपेश गरेको रहेछ भन्ने उक्त लेखिएका कागजमा लेखिएका मिति सबूद प्रमाणबाट नमिल्ने कागजी सबूद प्रमाण पेश भइरहेकोमा अनुमानी प्रमाण कायम गर्न नहुने, "उजुरीसाथ रूपैयां दाखिल गरेको हूं र निर्वाचन आयोगका आर्डर बमोजिम पछिमात्र बैंकमा दाखिल भएको हो त्यसो हुंदा मेरो उजुरी रीत पूर्वकको हो भन्ने निवेदकले वहसमा जिकिर लिनु भएको रहेछ" उक्त जिकिर लिए मुताविक कानूनले त्यस कुरालाई मान्यता दिएको देखिंदैन, जस्बा उक्त कानूनले उजुरी साथ रसिद पेश दाखिल गर्नै पर्ने र उजुरीमा, वहसमा जिकिर लिए मुताविक उल्लेख भएको पनि देखिंदैन उल्लेख भएकै भएपनि कानूनले त्यस लाई मान्यता दिएको छैन, रसिद साथ राखी पेश गरेको छु. भन्ने प्रस्तुत किटानी साथ लेखिएकोले उजुरी उक्त लेखिए बमोजिम १३ गते दर्ता भै बैंकको रसिद २५ गतेको देखिएबाट उक्त कानूनको रितपुर्‍याई म्याद भित्र उजूर दिएको रहेछ भन्ने दाखिल भएका सवूद प्रमाणवाट नहुने हुंदा उक्त नियम दफा १०१ को रीत पुर्‍याएको नदेखिनाले उक्त नियमका दफा ९२ अनुसार यस उजुरीवाट कारवाइ चल्न सक्तैन खारेज हुने ठहर्छ. चित्तनवुझे कानून वमोजिम सर्वोच्च अदालतमा अपील दिनू भनी वादी प्रतेवादीहरूलाई सुनाइ यी फैसलाको १ प्रति निर्वाचन आयोगमा र शि.तौं.गो.मा समेत पठाइ दिने खारेज भएकोले उजुरवालालाइ केही सजाय नगर्ने मिसिल अपीलको म्याद ननाघे सम्म वुटौंलअपीलमा राखी अपील परे सर्वोच्च अदाअतमा पठाइ दिने अपील नगरे इलाक अमीनीमा बुझाइ दिने। इतिसम्वत् २०१६ साल माघ १७ रोज १ सुभम्

आज्ञाले—
श्यामकृष्ण भट्टराई
सचिव निर्वाचन आयोग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।